जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

## सूचना रद्द गरिएको सम्बन्धमा।

(सूचना नं. ०७/२०८३-०८४, मितिः २०८३/०४/१४)

यस जोरायल गाउँपालिकाबाट मिति २०८३।०४।०६ गतेमा प्रकाशित भू-उपयोग क्षेत्र परिवर्तनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना प्रथम पटक प्रकाशित भईसकेकोले सो सूचना रद्द गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौं ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागिः प्रविन ओझा (अमिन) ९८४११२७४६९

Email: jorayalrlmp@gmail.com Phone: 9858427654 Website: jorayalmun.gov.np

जोरायल गाउँपालिका
(Jorayal Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of The Rural Municipal Executive)
रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३
सू. नं.

## सूचना ! सूचना !! सूचना !!!

## भू-उपयोग क्षेत्र परिवर्तनका लागि निबेदन पेश गर्ने सम्बन्धमा।

(सूचना प्रकाशित मिति : २०८३।०२।०५)

यस जोरायल गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरुको जग्गा वर्गीकरण भई सकेको व्यहोरा अवगत गर्दै उक्त वर्गीकरण भएको क्षेत्रलाई अन्य क्षेत्रमा परिवर्तन गर्न चाहने जग्गाधनीहरुले भू-उपयोग ऐन, २०७६ को दफा ८ को उपदफा २ पछि देहायको उपदफा २ "क" थपिएको छ। "(२क) उपदफा (२) बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा १ पटकका लागि स्थानीय भू-उपयोग परिषद्ले भू-उपयोग परिवर्तन गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको हुँदा मिति २०८३।०२।०१ गते बसेको स्थानीय भू-उपयोग परिषद् बाट भू-उपयोग क्षेत्र संशोधन गर्ने भनि निर्णय भएको हुँदा १ पटकको लागि यस जोरायल गाउँपालिका भित्र रहेका ६ वटै वडाका जग्गाधनीहरुले तपसिल बमोजिमको कागजात संलग्न राखी मिति २०८३ जेठ मसान्त भित्र यस कार्यालयमा निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै आफ्नो जग्गा कुन क्षेत्रमा परेको छ भनि जानकारी लिनको लागि यस कार्यालयमा सम्पर्क गर्न हुन जानकारी गरिन्छ।

**नोटः-** छुटेका कित्ताहरु साविकको नक्सामा देखिए बमोजिम वर्गीकरण हुनेछन।

**आवश्यक कागजात**

- नागरिकताको प्रमाणपत्रको छाँयाप्रति।
- जग्गाधनी दर्ता प्रमाणपूर्जा छाँयाप्रति।

**थप जानकारीको लागिः प्रविन ओझा (अमिन) ९८४११२७४६९**

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत